# यातायात व्यवस्था कार्यालय मोटरसाइकल, गुर्जुधधारा, काठमाण्डौ

## लिलाम बिक्री सम्बन्धि बोलपत्र आह्वानको सूचना

प्रथमपटक प्रकाशित मिति २०८३।०२।०५

यस यातायात व्यवस्था कार्यालय मोटरसाइकलद,गुर्जुधारा, काठमाण्डौमा रहेका पुराना कुर्सी, टेवल, फलाम तथा प्लास्टिकजन्य सामान, कम्प्युटर, प्रिन्टर लगायत अन्य कार्यालय सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आहान गरिन्छ।

१. बोलपत्र फाराम खरिद गर्नको लागि मिति २०८३।०२।२५ गते कार्यालय समय भित्र इच्छुक व्यक्ति, कम्पनी तथा फर्मले निवेदन साथ व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी र फर्म वा कम्पनीको हकमा फर्म वा कम्पनी दर्ता र मुल्य अभिवृद्धि करमा समेत दर्ता भएको र आ.ब. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी र ग्लोबल आई.एम.ई. बैंक थानकोट शाखा स्थित यस कार्यालयको राजश्व खाता नं. १४२२९ मा रु १००० (रुपैया एकहजार मात्र फिर्ता नहुने गरी) जम्मा गरेको सकल भौचर तिरी कार्यालयको जिन्सी शाखाबाट प्राप्त गर्न सकिनेछ।

२. सिलबन्दी बोलपत्र पेश गर्दा आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुने रकम बराबरको कमतीमा ९० दिन म्याद भएको बैंक जमानत वा प्रदेश लेखा इकाई कार्यालय तीनकुनेको नाममा राष्टिय बाणिज्य बैंक टेकु शाखामा रहेको प्रदेश धरौटी खाता नं. १७००१००२०२०३०००० मा रकम जम्मा गरेको सकल बैंक भौचर पेश गर्नु पर्नेछ।

३. बोलपत्रको खाममा यस कार्यालयलाई सम्बोधन गरी कामको विवरण र बोलपत्रदाताको विवरण प्रष्टसँग लेखि सिलबन्दी गरिएको हुनुपर्नेछ।

४. सिलबन्दी बोलपत्र मिति २०८३।०२।२६ गते दिनको १२:०० बजे भित्र यस कार्यालयको जिन्सी शाखामा दर्ता गराई सक्नुपर्नेछ। दर्ता हुन आएको सिलबन्दी बोलपत्र फाराहरु सोही दिन दिनको २:०० बजे सिलबन्दी बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधी वा बोलपत्र पेश गर्नेहरु कोही वा सबै अनुपस्थित रहेतापनि यस कार्यालयका प्रतिनिधिहरु मात्रको रोहवरमा यस कार्यालयमा खोलिनेछ।

५. सिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजिनक विदा परेमा उक्त कार्यहरु विदापछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।

६. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन। लिलाम बिक्री हुने सबै जिन्सी सामाग्री एउटै व्यक्ति, फर्म वा कम्पनीले सकार गरी उठाउनु पर्नेछ।

७. लिलाम हुने पुराना सामानहरु हेर्न कार्यालय खुलेको दिन दिनको १२:०० बजेदेखि ३:०० बजेसम्म जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।

८. लिलाम सकार गर्ने व्यक्ति, फर्म वा कम्पनीले लिलाम सकार गरेको मितिले १५ (पन्ध्र) दिनभित्र बाँकी रकम बुझाई सामान जुन स्थानमा छ सोही स्थानबाट उठाइ लगिसक्नु पर्नेछ। उक्त अवधिभित्र मालसामान उठाइ नलगेमा धरौटी जफत गरी नियमानुसार अन्य व्यक्ति, फर्म वा कम्पनीको कबुल अंक स्वीकृत गर्न सकिनेछ।

९. यस सूचनामा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७ र अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१०. लिलाम गर्नुपर्ने सामानको न्यूनतम मूल्यांकन मूल्य रु.२१,६३५।-(अक्षरेपी एक्काइस हजार छ सय पैतिस मात्र) कायम गरिएको छ। कबोल अंक स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१२. यस सम्बन्धि अन्य कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ।

(अधिकृत सातौं)

CS Scanned with CamScanner